नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

<u>एजेण्डाहरु</u>

१. समीक्षा

२. मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धमा।

३. लागत सहभागिता सम्बन्धमा।

४. कोभिड-१९ खोप अभियान सञ्चालनमा सहजीकरण सम्बन्धमा ।

५. बर्डफ्लु संक्रमण नियन्त्रण सम्बन्धमा।

६. विविध

<u>निर्णयहरु</u>

१. जिल्ला विपद व्यवस्थापन समितिको यस अघिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था, जिल्लामा भएका विपदका घटना आदिको सम्बन्धमा विस्तृत छलफल तथा समीक्षा गरियो ।कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई तत्काल कार्यान्वयनमा ल्याउन सम्बन्धित निकायलाई अनुरोध गरियो ।

२. मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम गत मनसुनका समयमा क्षति भएका वा उच्च जोखिममा रहेका निजी आवासहरु पुनर्निर्माण तथा पुनर्स्थापना कार्य अघि बढाउनका लागि तत्काल देहायका कार्यहरु गर्ने र यसका लागि जिल्लास्थित स्थानीय तहहरुलाई अनुरोध गर्ने:

(क) उल्लेखित कार्यविधिको अनुसूची १ बमोजिमको विवरण संकलनका लागि परिचालन हुने कर्मचारीहरुको विस्तृत विवरण ३ दिनभित्र सबै स्थानीय तहहरुले जिल्ला प्रशासन कार्यालयमा पठाउने।

(ख) स्थानीय तहहरुले जिल्ला विपद व्यँवस्थापन समितिको मिति २०७७।०६।२१ गतेको बैठकको निर्णयानुसार पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि सिफारिस भएका घरहरुको उल्लेखित कार्यविधिको अनुसूची १ बमोजिमको विवरण यथाशीघ्र संकलन गर्ने।

(ग) संकलित विवरणहरुको विश्लेषण, मूल्यांकन गरी लाभग्राही कायम गर्नका लागि स्थानीय विपद व्यवस्थापन समितिहरुले जिल्ला विपद व्यवस्थापन समितिमा अनुरोध गरी पठाउने।

(घ) जोखिममा रहेका घरहरुको पुनर्स्थापना गर्नका लागि सो सम्बन्धी भौगोलिक अध्ययन पश्चात मात्रै एकीन गर्नुपर्ने हुँदा प्रारम्भिक सर्वेक्षणको नतीजाका आधारमा भौगोलिक अध्ययनको व्यवस्था मिलाउने।

३. मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ को दफा ५ (३) बमोजिम स्थानीय तह तथा प्रदेश सरकारबाट हुनुपर्ने लागत सहभागिताका लागि अनुरोध गरी पठाउने।

४. नेपाल सरकारको निर्णयानुसार विभिन्न चरणमा भइरहेको कोभिड-१९ खोप अभियानको हालसम्मको प्रगति अवस्थाको समीक्षा गरियो ।आगामी दिनमा सञ्चालन हुने खोप अभियानलाई प्रभावकारी बनाई

तोकिएका लक्षित समूहको अधिक सुनिश्चित गराउनका लागि सम्बन्धित सरोकारवाला निकायहरुले आवश्यक सहजीकरण गर्ने। आगामी दिनमा सञ्चालन हुने खोप अभियानका लक्षित समूहको यथार्थ विवरण समयमै संकलन गरी स्वास्थ्य सेवा कार्यालयलाई उपलब्ध गराईदिन जिल्लास्थित सम्पूर्ण स्थानीय तह, सम्बन्धित संघसंस्था तथा निकायहरुलाई अनुरोध गर्ने ।

५. हालैका दिनमा यस कर्णाली प्रदेशको सुर्खेतको विरेन्द्रनगर क्षेत्रमा समेत बर्ड फ्लु रोगको संक्रमण देखा परेको र उक्त संक्रमण यस जिल्लासम्म फैलन सक्ने सम्भावनालाई मध्यनजर गर्दै उच्च सतर्कता अपनाउनुपर्ने देखिएको छ। यस जिल्लामा बर्ड फ्लु रोगको संक्रमण फैलिन नदिनका लागि देहाय बमोजिम गर्ने:

(क) बाहिरी जिल्लाबाट यस जिल्लामा आउने पन्छी एवं पन्छीजन्य पदार्थमा निगरानी बढाउँदै स्वास्थ प्रमाणपत्र विना पन्छी एवं पन्छीजन्य पदार्थ आयात गर्न रोक लगाउने।

(ख) बर्ड फ्लु रोक प्रति उच्च सतर्कता अपनाउन तथा कुनै लक्षण देखिएमा तत्काल स्थानीय तह वा पशु अस्पताल तथा पशु सेवा कार्यालयमा जानकारी गराउन एवं बेचबिखन तथा ओसारपसार नगर्न/नगराउन सम्बन्धित व्यवसायीहरुलाई निर्देशन दिने ।

(ग) यस कार्यको पशु अस्पताल तथा पशु सेवा कार्यालय र सम्बन्धित स्थानीय तहका प्राविधिकहरुले नियमित रुपमा अनुगमन र चेकजाँच गर्ने।

(घ) जिल्लाका सीमा नाकाहरुमा सुरक्षा निकायहरुले नियमित चेकजाँच र निगरानी गर्ने।

(ङ) कुनै क्षेत्रमा संक्रमण देखिएको खण्डमा तत्काल उक्त क्षेत्र नियन्त्रणमा लिई संक्रमित पन्छी एवं पन्छीजन्य पदार्थ नष्ट गर्ने ।

(च) पशु अस्पताल तथा पशु सेवा कार्यालय र स्थानीय तहले बर्डफ्लु रोग सम्बन्धी जनचेतनामूलक सन्देशहरु सञ्चार माध्यमहरुबाट प्रकाशन/प्रशारण गर्ने ।

६. मिति २०७७।१०।२३ गतेका दिन चट्याङबाट मृत्यु भएका मुसिकोट नगरपालिका वडा नं ६ का भिम बहादुर बोहराको परिवारलाई विपद पीडित उद्दार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ बमोजिम वितरण गरिएको राहत रकम रु २ लाख अनुमोदन गर्ने ।

७. यही २०७७ फागुन १६ देखि १९ गतेसम्म नेपाली सेनाको नरसिंह दल गण तथा आठबिसकोट नगरपालिकाको संयुक्त आयोजनामा आठबिसकोट नगरपालिकाका सबै वडाका युवाहरुको सहभागितामा विपद प्रतिकार्य सम्बन्धी तालिम सञ्चालन गर्ने ।